का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ असोज २०८२
बिहीबार
25 September 2025
Thursday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

दशैं विशेष
थप १६ पृष्ठ

वर्ष २३, अंक २३५ । पृष्ठ ८+८+८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# जेनजीले खोजे चार सुधार




१ प्रत्यक्ष निर्वाचित कार्यकारी

२ निर्वाचन प्रणालीमा परिवर्तन

३ सांसद मन्त्री बन्न नपाउने प्रावधान

४ उम्मेदवारीमा दुईपटकको सीमा

देशमा विकास र विस्तारका नाममा राजनीतिको चरम दुरुपयोग, भ्रष्टाचार र आलोपालोको व्यवस्थाले दलहरूले पटकपटक विश्वास तोडेकाले शासन व्यवस्था र निर्वाचन प्रणालीमै सुधार गरेर अगाडि जानुपर्ने उनीहरूको प्रस्ताव रहेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ असोज

जेनजी अगुवाहरूले नेपालले अभ्यास गर्दै आएको शासन व्यवस्थामा केही महत्वपूर्ण सुधारको माग अघि सारेका छन् । भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि गरिएको आन्दोलनबाट कांग्रेस-एमालेको शक्तिशाली सरकार ढालेको यो पुस्ताले मुख्यतः चारवटा सुधार चाहेको छ ।

ती सुधारका लागि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको अन्तरिम सरकारसँग छलफलको तयारीसमेत भइरहेको छ । नयाँ सरकारसमक्ष उनीहरूले भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि शासन व्यवस्थामा समेत सुधार खोजेका हुन् । यसअन्तर्गत प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था हुनुपर्ने, निर्वाचन प्रणालीमा परिवर्तन गर्नुपर्ने, सांसद मन्त्री बन्न नपाउने र एउटा उम्मेदवारले दुईपटकभन्दा धेरै उम्मेदवारी दिन नपाउने व्यवस्था राखिनुपर्ने उनीहरूको मत छ ।

यी माग सम्बोधन गराउने विषयमा राष्ट्रपति रामचन्द्र पौडेल र सरकारसँग वार्ता गर्न भनेर जेनजीहरूको समूहले प्रतिनिधि छनोट गरेका छन् । बुधबार बानेश्वरमा बब्लु गुप्ता, पुरुषोत्तम यादव, ओजस्वी भट्टराई, सुदन गुरुङ, प्रवेश दाहाल, खेमराज साउदलगायत बसेर प्रतिनिधि छनोट गरेका हुन् । सो बिहीबार पनि बस्नेछ ।

आन्दोलनमा धेरै समूह भए तापनि एउटै एजेन्डा भएकाले राष्ट्रपति र सरकारसँग वार्ता सहमति प्रतिनिधि छनोट गरेर अगाडि बढ्न लागेका हुन् । यस अगाडि उनीहरूले शासन व्यवस्थामा सुधार के कस्ता विषयमा गर्ने भनेर न्यूनतम समझदारी गरेका छन् ।

ईपेपर हेर्न


प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्री हुनुपर्ने भन्नेमा प्रस्ट भनेका छैनन् । निर्वाचन प्रणालीमा परिवर्तन पूर्ण समानुपातिक वा पूर्ण प्रत्यक्षमध्ये एउटामा जाने र जेमा गए तापनि समावेशितालाई सुनिश्चित गर्ने भनिएको छ ।

यस्तोमा उम्मेदवार छनोट गर्दा नै महिलाको ५० प्रतिशत र महिला र पुरुष दुवैमा युवाको ५० प्रतिशत हुनुपर्ने सर्त राख्ने भनिएको छ । सांसद मन्त्री बन्न नपाउने प्रावधान पृष्ठ २ मा



> संविधान संशोधन गरेरै भए पनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखसहितको व्यवस्थामा जानुपर्छ ।
>
> **मिरज ढुंगाना**
> जेनजी आन्दोलनका अगुवा

# ऋण लिँदासमेत पुग्दैन साँवा–ब्याज तिर्न




**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, ८ असोज

पछिल्लो एक दशकमा नेपालको सार्वजनिक ऋण निरन्तर बढिरहेको छ। सार्वजनिक ऋणको सही सदुपयोग हुन नसक्दा हरेक वर्ष नेपाल ऋणको ट्र्यापमा पर्दै गएको छ। आर्थिक वर्ष २०७१/७२ मा ५ खर्ब ४० अर्ब रहेको सार्वजनिक ऋण २०८२/८३ को भदौसम्म आउँदा २७ खर्ब ४३ अर्ब ३७ करोड पुगेको छ। सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण १२ खर्ब ८१ अर्ब ८२ करोड छ भने बाह्य ऋण १४ खर्ब ६१ अर्ब ५४ करोड छ ।

सार्वजनिक ऋण बढ्दै जाँदा साँवा-ब्याज भुक्तानी बढिरहेको छ । अहिले साँवा-ब्याज तिर्न ऋण लिएरसमेत पुगिरहेको छैन । २०७१/७२ मा कुल गार्हस्थ उत्पादनको २२ दशमलव २८ प्रतिशत रहेको पृष्ठ २ मा

> सार्वजनिक ऋण बढ्दै जाँदा विकास निमार्णमै असर देखिन्छ । सार्वजनिक ऋण जसरी बढिरहेको छ नेपाललाई दीर्घकालसम्म बोझ दिन्छ ।



**डा. रघुवीर विष्ट**
अर्थशास्त्री

# बाबुरामले गरे पुस्तान्तरणको सुरुवात



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ८ असोज

जेनजी आन्दोलनका समर्थक थिए, पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष बाबुराम भट्टराई । तर आक्रोशित भीडले उनकै घर पनि जलाइदियो । आन्दोलनपछिको परिदृश्यमा पनि उनी देखिए । अन्तरिम सरकार गठन हुँदा शीतल निवास पुग्ने एक्ला पूर्वप्रधानमन्त्री उनै थिए । आन्दोलनको सन्देश बुझ्रै हुनुपर्छ, अध्यक्षबाट राजीनामा दिएर उपाध्यक्ष दुर्गा सोबलाई संयोजक बनाएर पार्टीलाई विशेष महाधिवेशनमा लगेका छन् ।

भट्टराईले पदत्याग गरेपछि विघटित संसद्का मुख्य राजनीतिक दलका पाका नेतामाथि पनि नेतृत्व छाड्न दबाब बढेको छ । पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# नेपाली कामदारको अवस्था बुझ्न भर्चुअल छलफलको तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असोज

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम गन्तव्य मुलुकमा कार्यरत काउन्सिलर श्रम र श्रम सहचारीहरूसँग नेपाली कामदारको अवस्थाबारे बुझ्न भर्चुअल छलफलको तयारी गरेको छ ।

प्रमुख श्रम गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई)लगायतका देशमा नेपाली कामदारको भिसामा ढिलाइ भएपछिको अवस्थाबारे जानकारी लिन भर्चुअल छलफल गर्न लागिएको मन्त्रालय स्रोतले बताएको छ ।

छलफलमा नेपालमा भएको जेनजी प्रदर्शनपछि औपचारिक रूपमा कुनैपनि मुलुकले नेपाली कामदारको भिसा रोकेको जानकारी नदिएको, तर भिसा जारी गर्न भएको ढिलाइ सम्बन्धमा जानकारी लिने बताइएको छ ।

कतिपयले साउदी अरेबिया, कतार र मलेसियामा पनि नेपाली कामदारको भिसा रोकिएको हल्ला फिँजाएका छन् । यसअघि परराष्ट्र मन्त्रालयले खाडी मुलुकले वर्किङ भिसा नरोकेको, तर अस्थायी रूपमा कडाइ भने गरेको नेपाली दूतावासबाट जानकारी आएको पृष्ठ २ मा

### म्यानमारबाट दुई नेपालीको उद्धार

**काठमाडौं/मस-** आकर्षक रोजगारीका नाममा अनलाइन स्क्यामिङ कार्यमा लगाइएका दुई नेपालीलाई थाइल्यान्डस्थित नेपाली दूतावाले उद्धार गरेको छ । थाइल्यान्ड सरकारको सहयोगमा म्यानमारको म्यावडीबाट उद्धार गरीएका उनीहरूलाई नेपाल पठाइएको छ। नेपाली दूतावासले टाक इमिग्रेसन अफिस मेसोट हुँदै थाइल्यान्ड ल्याई दुई जनालाई बुधबार नेपाल फर्काइएको बताएको छ । दूतावासले नेपाल सरकारले पृष्ठ २ मा



# मतदाता नामावलीसम्बन्धी अध्यादेश जारी

**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले मतदाता नामावलीसम्बन्धी अध्यादेश जारी गरेका छन्। ऐनले दफा ४ ले २१ फागुनमा हुन गइरहेको मतदानमा भाग लिनका लागि योग्य भएका जेन-जी युवाहरूलाई रोकेपछि सरकारले अध्यादेश सिफारिस गरेको थियो। अध्यादेश बुधबार जारी गर्नका लागि पठाइएको थियो।

निर्वाचन घोषणा भइसकेपछि पनि केही समय मतदाता नामावली संकलन मिल्ने कानुनी व्यवस्था गर्न अध्यादेश जारी भएको हो। मतदाता नामावली ऐन, २०७३ को दफा ४ को उपदफा २ (२) मा 'निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गरिने छैन' भनिएको छ। प्रधानमन्त्री सुशीला कार्कीले नियुक्ति भएकै दिन २७ भदौमा गरेको सिफारिसका आधारमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गर्दै २१ फागुनमा निर्वाचनको मिति घोषणा गरेका थिए।



निर्वाचन घोषणापछि आन्दोलनबाट परिवर्तन ल्याएका युवा (जेन-जी) मताधिकारबाट वञ्चित हुने देखिएपछि अध्यादेश ल्याइएको हो।

३० भदौमा गृहमन्त्री बनेलगत्तै ओमप्रकाश अर्यालले मतदाता नामावलीमा नाम दर्ता गराउन योग्य भएका र छुटेकालाई सरकारले एक पटक मौका दिने बताएका थिए। विदेशमा रहेका नेपालीलाई पनि मताधिकार दिने कार्यको सुरुवात गर्ने मन्त्री अर्यालको भनाइ थियो। त्यसका लागि अध्ययन टोली गठन भएको छ।

अध्यादेशमा मतदाता नामावली संकलनसम्बन्धी ऐनको दफा ४ को उपदफा २ (२) लाई संशोधन गरी 'निर्वाचन आयोगले तोकेको अवधिभित्र मतदाता नामावली संकलन गर्न सकिने' प्रावधान राखिएको छ। निर्वाचन आयोगले अध्यादेशका आधारमा मतदाता नामावली संकलनका लागि निश्चित दिन तोक्नेछ। त्यसपछि योग्य युवा र यसअघि छुटेका सबैले नामावलीमा नाम दर्ता गराउन पाउनेछन्। नामावली संकलनपछि निर्वाचनको कार्यतालिका बनाएर निर्वाचनको गतिविधि पनि अघि सार्ने आयोगको तयारी छ।

# रास्वपाले नख्खु कारागारसहितका घटनाको छानबिन गर्ने समिति गठन गर्ने

**काठमाडौं/मस–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को असोज ७ र ८ गते सम्पन्न केन्द्रीय समितिको बैठकले विभिन्न राजनीतिक र संगठनात्मक विषयमा सात बुँदे निर्णय सार्वजनिक गरेको छ।

बैठकपछि जारी विज्ञप्ति अनुसार, पार्टीले आगामी कात्तिक १४ र १५ गते केन्द्रीय विस्तारित बैठक गर्ने निर्णय गरेको छ। उक्त बैठकमा पहिलो राष्ट्रिय महाधिवेशनसम्बन्धी विषयमा समेत छलफल हुने छ।

बैठकले हालै नख्खु कारागारसहितका घटनामा पार्टी सदस्यको संलग्नता छ वा छैन भन्नेबारे छानबिन गर्न समिति गठन गर्ने निर्णय गरेको छ।



साथै, भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको राज्य दमन र हिंसाको छानबिन प्रतिवेदन नआएसम्म तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री र सञ्चारमन्त्रीलाई राजनीतिक गतिविधिमा सहभागी हुन बन्देज लगाउन सरकारलाई ध्यानाकर्षण गराउने जनाएको छ।

त्यसैगरी, २०४६ सालयता उच्च सार्वजनिक ओहदामा रहेकाहरूको सम्पत्ति छानबिन गर्न दबाब दिने र जेनजी आन्दोलनका क्रममा नेताहरूको निवासमा भेटिएका अवैध नगद तथा सम्पत्तिबारे छानबिन गर्न माग गर्ने निर्णय पनि भएको छ। पार्टीले जेनजी पुस्ता, नयाँ शक्ति र अभियन्तासँग संवाद तथा सहकार्यका लागि केन्द्रीय सदस्य पुकार बमको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन गरेको छ।

# कीर्तिपुरको झाडी फाँडेर बगैंचा बनाउन त्रिवि सकारात्मक

**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरको हाताभित्र रहेको झाडी फाँडेर सुन्दर बगैंचासहित आकर्षक फुटपाथ बनाउन दिएको निर्देशनलाई विश्वविद्यालयको नेतृत्वले सकारात्मक रूपमा लिएको छ।

मन्त्री पुनले विश्वविद्यालयको हाताभित्रको उक्त झाडीका ठूला रुख संरक्षण गरी सफा र सुन्दर बगैंचासहित फुटपाथ बनाएर विश्वविद्यालयलाई आकर्षक बनाउन असोज ७ गतेको मन्त्रालयस्तरीय ब्रिफिङमा निर्देशन दिएका थिए।



त्रिविका उपकुलपति प्राडा दीपक अर्यालले शिक्षामन्त्री एवं सहकुलपति पुनको निर्देशन सकारात्मक रहेको प्रतिक्रिया दिए। उनले भने, 'करिब ५० रोपनी क्षेत्रफलको झाडीमा चितुवासमेत लुकेर बस्ने हुँदा स्थानीयवासीलाई असुरक्षा हुने स्थिति आएको छ। यस्तो अवस्थामा मन्त्रीको निर्देशनले हामीलाई काम गर्न सहज हुनेछ।'

हालसम्म लिखित जानकारी नआएको बताउँदै उपकुलपति डा.अर्यालले सञ्चारमाध्यमबाट जानकारी प्राप्त भएको उल्लेख गरे। उनले भने, 'उक्त निर्देशनको कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापन पनि सरकार वा अन्य निकायबाट हुने विश्वास लिएका छौं।'

कीर्तिपुर उद्योग वाणिज्य संघका अध्यक्ष राज्यलक्ष्मी शाक्यले विश्वविद्यालय हाताभित्रको झाडीलाई फाँडेर उपयोगमा ल्याउने शिक्षामन्त्री पुनको निर्देशन सकारात्मक रहेको बताइन्। सो स्थानमा बगैंचाका साथै अर्गानिक खेती गरी युवालाई स्वरोजगार र कृषि पर्यटनमा लगाउनुपर्नेमा उनले जोड दिइन्।

उनले यसबारे आफूहरूले त्रिविको नेतृत्वलाई जानकारी गराइएको भन्दै शिक्षामन्त्रीलाई सोबारे आग्रह गर्ने बताइन्।

मन्त्री पुनले कतिपय विश्वविद्यालयहरूले परीक्षा लिएर परीक्षाफल निकाल्न आठ महिनादेखि एक वर्षसम्म लगाउने गरेका बताउँदै उक्त परम्परामा सुधार ल्याउन पनि निर्देशन दिएका थिए। तीन महिनाभित्र परीक्षाफल ननिकाल्ने विश्वविद्यालयको अनुदान रोक्का गर्ने मन्त्री पुनको निर्देशन छ।

यसैबीच विश्वविद्यालयका पदाधिकारीले हालै अन्तरिम सरकारका प्रधानमन्त्री एवं त्रिविका कुलपति सुशीला कार्कीलाई भेटेर कामकारबाहीबारे जानकारी गराएका छन्।

जेनजी प्रदर्शनका क्रममा क्षतिग्रस्त भएको कीर्तिपुरस्थित प्रहरी वृत्तलाई त्रिविले आफ्नो तर्फबाट केही थान कम्प्युटर, प्रिन्टर, फर्निचरलगायत सामग्री सहयोग गरेको छ। त्रिविबाट हुनसक्ने सहयोगका लागि कीर्तिपुर नगरपालिकाले पनि आग्रह गरेको छ। प्रदर्शनका क्रममा नगरपालिकाको भवनमा पनि क्षति पुगेको थियो।

## जेनजीले...

राख्ने र सांसदलाई कानुन निर्माणमै केन्द्रित गराउने भनिएको छ भने उम्मेदवारमा दुईपटकको सीमा राख्ने भनिएको छ। यसो गर्दा एकै व्यक्ति धेरै लामो समयसम्म शासनसत्तामा रहन नसक्ने उनीहरूको अपेक्षा छ।

जेनजी आन्दोलनका अगुवा मिरज ढुंगाना प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखसहितको व्यवस्था आफूहरूको चाहना रहेको बताउँछन्। यो माग पूरा नभए सरकारविरुद्ध सडकमा उत्रिने उनको चेतावनी छ। हिमालय टेलिभिजनलाई दिएको अन्तर्वार्तामा उनले 'संविधान संशोधन गरेरै भए पनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखसहितको व्यवस्थामा जानुपर्ने' बताएका हुन्। उनले भनेका छन्, जेनजी उमेर समूहको माग नै प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हो।' देशमा विकास र विस्तारका नाममा राजनीतिको चरम दुरुपयोग, भ्रष्टाचार र आलोपालोको व्यवस्थाले दलहरूले पटकपटक विश्वास तोडेकाले शासन व्यवस्था र निर्वाचन प्रणालीमा सुधार गरेर जानुपर्ने उनीहरूको प्रस्ताव रहेको छ।

## ऋण...

सार्वजनिक ऋण २०८२/८३ को भदौसम्म ४४ दशमलव ९२ प्रतिशत पुगेको छ। १० वर्षमा दोब्बरले बढेको हो। अर्थशास्त्री डा. रघुवीर विष्ट सार्वजनिक ऋण बढ्दै जाँदा त्यसको असर विकास निर्माणमा देखिएको बताउँछन्। उनले भने, 'सार्वजनिक ऋण जसरी बढिरहेको छ, त्यसले नेपाललाई दीर्घकालमै असर गर्ने देखिन्छ। यसको सही सदुपयोग नहुँदा ऋणको भारले हामीलाई आगामी दिन अझै बोझ दिन्छ।'

सार्वजनिक ऋण बढ्दै जाँदा अहिले ऋणको साँवा-ब्याज तिर्नकै लागि ऋण लिएको रकमले समेत पुग्न छोडेको छ। पछिल्लो परिस्थिति हेर्दा वार्षिक रूपमा जति ऋण लिइन्छ त्यति नै सरकारले साँवा-ब्याज तिर्न खर्च गर्ने गरेको छ। चालू आर्थिक वर्ष २०८२/८३ को पहिलो दुई महिना साउन र भदौमा ६९ अर्ब ३२ करोड सरकारी ऋण थपिएको छ। तर सरकारले दुई महिनामा साँवा-ब्याज तिर्न ७८ अर्ब ६७ करोड खर्च गरेको छ। साँवा-ब्याज तिर्न दुई महिनामा ९ अर्ब ३५ करोड राजस्वबाट थप्नुपरेको छ। अर्थ मन्त्रालयअन्तर्गत सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष सुरु हुँदा २६ खर्ब ७४ अर्ब ४ करोड रहेको सार्वजनिक ऋण दुई महिनामा ६९ अर्ब ३२ करोड बढेर सार्वजनिक ऋण दायित्व २७ खर्ब ४३ अर्ब ३७ करोड पुगेको हो। जुन कुल गार्हस्थ उत्पादनको ४४ दशमलव ९२ प्रतिशत हो। कुल सार्वजनिक ऋणमा भदौ मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३ दशमलव २८ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४६ दशमलव ७२ प्रतिशत रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांकले देखाएको छ। चालु आर्थिक वर्षमा जम्मा ५ खर्ब ९५ अर्ब सार्वजनिक ऋण लिने सरकारले लक्ष्य राखिएकोमा भाद्र मसान्तसम्ममा ७९ अर्ब १५ करोड ऋण लिएको छ। वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति १३ दशमलव २९ प्रतिशत हो। जसमध्ये आन्तरिक ऋण १९ दशमलव ३४ प्रतिशत र बाह्य ऋण ३ दशमलव ९२ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋण प्राप्तिमध्ये आन्तरिक ऋणको हिस्सा ८८ दशमलव ४३ र बाह्य ऋणको हिस्सा र ११ दशमलव ५७ प्रतिशत रहेको कार्यालयले जनाएको छ।

चालु आर्थिक वर्ष २०८२/८३ मा ऋण तिर्न ४ खर्ब ११ अर्ब १ करोड बजेट विनियोजन भएकोमा भदौ मसान्तसम्म ७८ अर्ब ६७ करोड भुक्तानी भएको छ। जुन वार्षिक बजेट विनियोजनको आधारमा १९ दशमलव १४ प्रतिशत हो।

## बाबुरामले...

उनको दलमा तत्काल नेतृत्व छाड्न कसैले भनेका थिएनन्। तर आन्दोलनको रापताप नजिकबाट देखेका भट्टराईले नैतिकता देखाउँदै पद छाडेका हुन्। नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रमा पनि शीर्ष तहका नेताहरूले भट्टराईले झैं नेतृत्व हस्तान्तरण गर्नुपर्ने माग भइरहेको छ। माओवादी केन्द्रमा पार्टी बैठकमै अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पद छाड्नुपर्ने माग गरिएको छ भने कांग्रेस र एमालेमा बैठक नै डाकिएको छैन। जेनजी आन्दोलनपछि यी तीनवटै दलमा आन्तरिक शक्ति संघर्ष चर्किएको देखिन्छ।

बुधबार नेसपा नयाँ शक्तिका अध्यक्ष डा. भट्टराईले पद त्यागको निर्णय लिएपछि लोसपाका अध्यक्ष महन्त ठाकुरसमेत महाधिवेशन र जिम्मेवारी हस्तान्तरणमा सकारात्मक भएको देखिन्छ। उनको यो निर्णयले तीन दल मात्र होइन, एकीकृत समाजवादी, जनता समाजवादीलगायत दलहरूको नेतृत्वप्रति दबाब बढेको छ। अघिल्लो सरकारको नेतृत्व गरेका एमाले र कांग्रेसमा पुस्तान्तरणको उकुसमुकुस देखिएको छ। एमाले नेताहरूले बदलिँदो परिस्थितिलाई अध्यक्ष केपी शर्मा ओलीले बुझ्नुपर्ने बताइरहेका छन्। तर खुलेरै राजीनामा माग्नेहरू भने कमै छन्। सचिवालयमा विश्वास आफ्नो पक्षमा भए नभएको यकिन नभएपछि ओलीले बैठक बोलाउन सकेका छैनन्। कांग्रेसमा भने विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियान नै सुरु भइसकेको छ। जेनजी आन्दोलनपछिको परिवर्तित राजनीतिक अवस्था विश्लेषण गरेर पार्टीलाई पुनर्जागृत गर्न पुनर्गठन गर्नुपर्ने महामन्त्री गगन थापा बताउँछन्।

महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माले तीनवटा विकल्पसहित पार्टी सभापति शेरबहादुर देउवालाई तत्काल बिदा लिन दबाब दिइरहेका छन्। अझै पनि पार्टी नसच्चिए नयाँ ढंगले अघि बढ्न बाध्य हुने भन्दै उनीहरूले नेतृत्वलाई चेतावनी दिइसकेका छन्। त्यसलाई नयाँ पार्टी गठनका रूपमा व्याख्या गर्दै कांग्रेसमा खैलाबैला मच्चिएको छ। संस्थापन पक्षका नेताहरूले विशेष महाधिवेशनमा जान नहुने तर्क अघि सारिरहेका बेला महामन्त्रीद्वय थापा र शर्मासहित डा. शेखर कोइराला समूहले विशेष महाधिवेशनका लागि महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर संकलन थालेका छन्। २५ प्रतिशत प्रतिनिधिले विशेष महाधिवेशन बोलाउन सक्ने कांग्रेसको विधानमा व्यवस्था छ। विशेष महाधिवेशनका पक्षमा बहुमत हस्ताक्षर जुटाउने प्रयत्नमा लागेपछि सभापति देउवापत्नी आरजु राणाले सुदूरपश्चिमका नेता कार्यकर्तामार्फत रोक्न आग्रह गरेकी छन्। एमालेमा भने पार्टी कसरी अघि बढाउने भन्नेमा नेताहरूबीच नै ठुलो अन्योल देखिन्छ। ओलीको विकल्पमा कुनै नेता अघि सरेको स्थिति पनि छैन।

अन्तरपार्टी शक्ति संघर्षमा वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र उपमहासचिव जनार्दन शर्मा अध्यक्ष प्रचण्डको खिलापमा एकैठाउँमा उभिएका छन्। तर केन्द्रीय कमिटी भंग गरेर प्रचण्डको संयोजकत्वमा आयोजक कमिटी गठन गरी मंसिरमा विशेष महाधिवेशन गर्ने तयारी गरेको र त्यहीँबाट नेतृत्व परिवर्तनको टुंगो लगाइने प्रवक्ता अग्निप्रसाद सापकोटाले बताए।

नयाँ वैकल्पिक शक्ति निर्माणमा पाँच 'स' स्वाधीनता, समावेशी लोकतन्त्र, सुशासन, समृद्धि र समुन्नत समाजवादको राजनीतिक कार्यदिशालाई अवलम्बन गर्ने प्रतिबद्धताबमोजिम २०७३ साल जेठ ३० मा नयाँ शक्ति नेपाल गठन गरेका भट्टराई विभिन्न पार्टी फेर्दै २०७९ सालमा नेपाल समाजवादी पार्टी (नेसपा) पुनर्गठन गरेका थिए। माओवादी केन्द्रसँग एकता गर्ने विषयमा अध्यक्ष महिन्द्रराय यादवसँग मत भेद हुँदा २०८० चैतमा पार्टी विभाजन भएको थियो।

## नेपाली...

बताएको थियो। काउन्सिलर श्रम र श्रम सहचारीहरूलाई वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारको हित रक्षाका लागि एक दर्जनभन्दा बढी जिम्मेवारी तोकिएको छ। उनीहरूले आफू कार्यरत मुलुकको श्रम तथा रोजगारको स्थिति, अध्यागमनसम्बन्धी तथ्यगत जानकारी, उक्त देशले श्रम तथा अन्तर्राष्ट्रिय मानवअधिकार तथा कामदारको हित संरक्षणका लागि चालेका कदमबारे नेपाल सरकारलाई मासिक रूपमा जानकारी दिनुपर्ने व्यवस्था छ। यसका अतिरिक्त उनीहरूले कामदार, रोजगारदाता संस्था वा इजाजतपत्रवालाबीच कुनै विवाद उत्पन्न भएमा समस्या समाधान गर्न सहयोग गर्ने, वैदेशिक रोजगारको क्रममा अलपत्र अवस्थामा परेका कामदारलाई स्वदेश फिर्ता गर्न/गराउन आवश्यक व्यवस्था गर्नेदेखि प्राकृतिक विपत्तिमा परेका वा कुनै कारणवश मृत्यु भएका कामदारको शव सम्बन्धित मुलुक वा रोजगारदाता संस्थाको सहयोगमा स्वदेश फिर्ता पठाउन पहल गर्नेलगायतका विषयमा पनि मासिक रूपमा जानकारी दिनुपर्ने व्यवस्था छ।

## म्यानमारबाट...

तोकेका मापदण्ड बमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी कम्बोडिया, लाओस, म्यानमार र थाइल्यान्डमा वैदेशिक रोजगारीका लागि नआउन पनि आग्रह गरेको छ।


# Miklajung Rural Municipality
## Office of Rural Municipal Executive
**Rabi, Panchthar**

**Koshi Province, Nepal**

## Invitation For Online Bid

**First Date of Publication: 2082/06/09 (2025 September-25)**

1. Miklajung Rural Municipality, Panchthar invites open competitive electronic bids from duly eligible national bidders for the following works Under National Competitive Bidding -Single Stage Two Envelope Bidding Procedures.

| S. N. | Contract ID | Description of Works | Bid Security Amount (Rs.) | Price for Bid doc | Bid Security Validity Period |
|---|---|---|---|---|---|
| 1 | MRM/NCB/ WORKS-01/082/83 | Construction of Road Pavement Works along Miklajung R.M. Krishi Sadak | 6,60,000.00 | 5,000\|- | 120 days |
| 2 | MRM/NCB/ WORKS-02/082/83 | Krishi Sadak Road Upgrading and Culvert Construction Work | 2,96,000.00 | 3,000\|- | 90 days |

2. Details of Date and Time for pre-bid meeting, bid submission and opening:

| Date and Time of Pre Bid Meeting | | Last Date and Time of Bid Submission | | Date and Time of Bid Opening | |
|---|---|---|---|---|---|
| 12:00P.M. | 2025 Oct.28 २०८२ कार्तिक ११ गते | 12:00P.M. | 2025 November 2 २०८२ साल कार्तिक १६ गते | 1:00 P.M. | 2025 November 2 २०८२ साल कार्तिक १६ गते |

3. Details of Deposit the fees of biding document and bid bond:

| Office Name | Bank Name | Revenue Account No | Dharauti Account Details | Revenue Head | Office Code |
|---|---|---|---|---|---|
| Miklajung Rural Municipality | Agriculture Development Bank Ltd, Rabi, Panchthar | MIKLAJUNG GA. PA.(GA-1-1)-AANTARIK RA A/C No. 0625101395925112 | MIKLAJUNG GA. PA.(GA-3)-DHARAUTI A/C No. 0625101395925066 | 14229 | 8010250300 |

4. Bidders can only bid electronically through E-Procurement section of PPMO's website: http://www.bolpatra.gov.np/egp Bidder who chooses to submit their bid electronically.
5. Online Bids must be valid for 120 days beyond the bid validity period.
6. Any Condition so far not covered shall be as per Public Procurement Act 2063 (Amendment 2063), and Public Procurement Regulation 2064, any amendments in tender notice shall be published in E Procurement Section.
7. Bank Guarantee shall be in the form specified in the bid documents otherwise rejected.
8. Construction of Road Pavement Works along Miklajung R.M. Krishi Sadak and Krishi Sadak Road Upgrading and Culvert Construction Work Project. Miklajung R.M. reserves the right to reject or accept or cancel any bid partially or in full without any reason, whatsoever.
9. Eligible Bidders may obtain further information from PPMO.egp system and visit website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com



# अत्यावश्यक अवस्थामा बाहेक विदेश भ्रमणमा रोक

**काठमाडौं/मस–** राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रियसभाका अध्यक्षबाहेक नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका पदाधिकारीको लागि सल्लाहकार नियुक्ति गर्न नपाइने भएको छ।

यसैगरी सरकारले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गरेको छ।

मन्त्रिपरिषद्ले यही असोज ५ गते गरेको निर्णयानुसार सरकार र प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको स्वकीय सचिवालयमा बढीमा तीन जना मात्र नियुक्ति गर्न पाइनेछ। सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनःरुत्थान र राहतसमेतका लागि विकास आयोजनाको पुनःप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कार्यम गर्ने सम्बन्धमा मन्त्रिपरिषद्ले सो निर्णय गरेको हो।

उक्त निर्णय कार्यान्वयन गर्न/गराउनका लागि सरकारका सबै मन्त्रालय तथा निकाय, प्रदेश सरकार तथा सबै स्थानीय तहलाई पत्राचार गरिएको अर्थ मन्त्रायका सहसचिव एवं प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए।

सरकारले विगतमा स्रोत सहमति लिइ निर्माणाधीन रहेका आयोजनालाई बजेट कमी हुन नदिई कार्यान्वयनमा निरन्तरता दिने निर्णय गरेको छ। त्यस्तै सरकारका विभिन्न मन्त्रालयअन्तर्गत पुँजीगत खर्चमा विनियोजित रकममध्ये मन्त्रालयगत बजेट सूचना प्रणालीमा नयाँ प्रविष्टि भएका, पूर्वतयारी नभएका र दोहोरो प्रविष्टि भएका कम महत्वका स-साना आयोजना/कार्यक्रमहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २१ बमोजिम रोक्का राख्ने निर्णय गरिएको छ।

### खुद्रे/टुक्रे आयोजना रोका राखिने

प्रदेश र स्थानीय तहबाट सचालन हुने प्रकृतिका स-साना खुद्रे/टुक्रे आयोजनासमेतमा विभिन्न मन्त्रालयमा भएको विनियोजनलाई रोका राखिने छ।

त्यस्तै माथि रोका प्रस्ताव गरिएका बजेट उपशीर्षकमा रहेका कियाकलापहरूमा अघिल्लो आर्थिक वर्षमा दायित्व सिर्जना भएको तर भुक्तानी दिन बाँकी रहेको भए फरफारक गर्ने हदसम्म सम्बन्धित मन्त्रालयको माग बमोजिम रोक्का फुकुवा गर्ने सरकारको निर्णय छ।

राष्ट्रिय प्राथमिकता, स्रोत सहमति दिइएका तथा क्रमागत आयोजनामा दायित्व सिर्जना भएको या चालु आर्थिक वर्षमा दायित्व सिर्जना हुने तर न्यून बिनियोजन भएको भए रोक्का रहेको उपशीर्षकबाट रकमाम्तर गरी खर्च व्यवस्थापन गरिनेछ।

विगतमा प्रचलित कानुनबमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन पर्याप्त रकम विनियोजन नभएको कारण बजेट अपुग भएको भए रोक्का गरिएको रकमबाट रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन गरी खर्च व्यवस्थापन गरिने मन्त्रालयले जनाएको छ। रोक्का रहेका आयोजनाहरूमध्ये २०८२ असोज २ गतेसम्म खरिद सम्झौता भई दायित्व सिर्जना भइसकेको वा खरिद प्रक्रिया अन्तिम चरणमा रहेको भए सोको पुष्ट्याइँसहित फुकुवाको लागि सम्बन्धित मन्त्रालयबाट लेखी आएपछि अर्थ मन्त्रालयले फुकुवा गर्ने निर्णयमा उल्लेख छ।



सरकारी संरचना पुनर्निर्माण गर्दा सेवाग्राहीमैत्री, खुला र छरितो संरचना बनाउने। सरकारले कार्यालयको कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी संरचनालाई विश्लेषण गरी भौतिक संरचना र ले-आउट व्यवस्थापन गर्ने भएको छ।

सरकारबाट सञ्चालन हुने,सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहवाट संचालन हुने रु १० लाखभन्दा बढीका आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने र आयोजना टुक्याएर उपभोक्ता समितिबाट काम गराउन नपाइने निर्णय गरिएको छ।

निर्माणमा 'कन्टिन्जेन्सी' रकमको सीमा घटाई एक अर्बसम्म लागत अनुमान भएका आयोजनामा तीन प्रतिशतसम्म र सोभन्दा बढीका निर्माण आयोजनामा दुई प्रतिशतसम्म हुने गरी कार्यान्वयन गरिनेछ।

सरकारले सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने, तर कानुनबमोजिम गठन भएको समितिको काममा कार्यालय समयबाहेकको बैठकको भत्ता उपलब्ध गराउन सकिने जनाएको छ।

त्यस्तै सरकारले विद्यमान जनशक्तिबाट सम्पादन हुने कामको लागि विनियोजित बजेटको उपयोग गरी बाह्यसेवा परामर्शबाट काम गर्न/गराउन नपाउने तथा विधेयक, नियम, विनियम, कार्यविधि, दिग्दर्शन, मापदण्ड र निर्देशिका बनाउनेजस्ता कामका लागि सेवा परामर्श नलिने निर्णय गरेको छ। यस्तै कार्यालयमा आवश्यक नपरेको समयमा बत्ती, एअरकन्डिसन, पंखाजस्ता बिजुली खपत हुने यन्त्र उपकरण चलेको छ कि भनी सम्बन्धित कर्मचारी स्वयंले नियमित चेक गर्ने सरकारको निर्णय छ।

### प्रमुख मार्गमा घर बहालमा लिन नपाइने

सरकारी कार्यालयका लागि न्यूनतम आवश्यकताभन्दा बढी कोठा र सुविधा भएको घर वहालमा नलिने, सरकारी कार्यालयले सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा लिन नपाइने निर्णयमा उल्लेख छ। त्यसैगरी विदेशस्थित कूटनीतिक नियोगहरूमा कार्यरत कर्मचारीहरूको निवासका लागि घरभाडामा लिनुपर्दा वा अब आइन्दा घरभाडा नवीकरण गर्नुपर्दा व्यापारिक क्षेत्र र सहरका प्रमुख मार्गहरूमा लिन नपाइने भएको छ। सरकारको निर्णानुसार संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी तया कर्मचारीहरूमा सवारीसाधन, मोबाइल फोन, फर्निचर, ल्यापटप, डेस्कटप कम्प्युटर, मोटरसाइकलजस्ता सामान उपयोगमा पुरानो सामान प्रयोग गर्नुपर्नेछ। अत्यावश्यक अवस्थामा प्राविधिक जनशक्तिबाहेक थप दरबन्दी सिर्जना नगर्ने, विशेषज्ञ सेवामा दीर्घकालीन दायित्व सिर्जना नहुने गरी स्थायी दरबन्दीको सट्टा सेवा परामर्श लिने सरकारको निर्णय छ।

### स्वकीय सचिवालयका लागि मन्त्रालयमा कार्यकक्ष नराख्ने

त्यसैगरी नेपाल सरकार र प्रदेश सरकारका मन्त्रीहरूलगायत राजनीतिक पदाधिकारीका स्वकीय सचिवालयका लागि मन्त्रालयमा कार्यकक्ष नराख्ने, यस्ता स्वकीय सचिवालयका कर्मचारीका लागि सवार ीसाधन, वैदेशिक भ्रमण र अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने भएको छ।

प्रेस समन्वयका लागि अतिरिक्त नियुक्ति नगरी सम्बन्धित निकायकै प्रवक्ता तथा सूचना अधिकारीबाट कार्यसम्पादन गर्ने व्यवस्था मिलाइने छभने विभिन्न मुलुकका लागि खटिने नेपाल सरकारको प्रतिनिधि राजदूतको नियमानुसार बाहेक माथिल्लो तह तोकी दिइने गरिएका थप सुविधा खारेज गरिएको छ।

# स्वास्थ्य मन्त्रालयका सबै संयन्त्र पुनर्स्थापित

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै संयन्त्र पुनर्स्थापित गरिएको जनाएको छ।

मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले बुधबार विज्ञप्ति जारी गर्दै मन्त्रालयले विगतदेखि नै प्रयोगमा रहेका सबै संयन्त्रहरू पुनःस्थापित गरिएको जानकारी गराएका हुन्।

'स्वास्थ्य सेवा प्रवाहमा जिम्मेवारीअनुसारको पारदर्शिता तथा जवाफदेहितालाई अझै सुदृढ गर्दै लैजाने यस मन्त्रालयले विगतदेखि नै प्रयोगमा रहेका सबै संयन्त्र पुनःस्थापित गरिएको व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ', उनले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ। सेवा प्रवाहमा कुनै कठिनाइ भए हटनम्बरमा फोन गर्न आग्रह गरिएको छ।

उनले मन्त्रालय र मन्त्रालयअन्तर्गतका विभाग, केन्द्र तथा अस्पतालबाट प्रवाह हुने सेवामा कर्मचारीले गर्नुपर्ने कार्य नगरेको, नगर्नुपर्ने कार्य गरेको वा अनुचित कार्यका लागि दबाब दिएको एवं सेवा प्रवाहमा परेको कठिनाइ सिर्जना भएको अवस्था हटलाइन नम्बरमा फोन गर्न आग्रह गरे। मन्त्रालयले हटलाइन नम्बर १११५, भाइबर तथा ह्वाटस् एप ९८५१३३०५९२ र इमेल info@mohp.gov.np, प्रवक्ता ९८५१२५५८३८ र सूचना अधिकारी ९८५१३६३७५६ मार्फत जानकारी गराउन आग्रह गरेको छ। मन्त्रालयले पूर्ण रूपमा जलेर नष्ट रहेको अवस्थामा अस्थायी व्यवस्थापनबाट नेपाल स्वास्थ्य अनुसन्धान परिषद्बाट मन्त्रालयले काम गरिरहेको मन्त्रालयका प्रवक्ता बूढाथोकीले जानकारी दिए।

# परिवर्तन रक्षा र समाजवादी क्रान्तिमा अखिल क्रान्तिकारीको जोड



**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, ८ असोज

विजयादशमी, तिहार र छठ पर्वको अवसरमा नेकपा माओवादी केन्द्र निकट अखिल (क्रान्तिकारी) रुकुमपूर्वले बुधबार रुकुमकोटमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न गरेको छ। बिएलबी होटलमा आयोजित कार्यक्रममा पार्टीका नेता, विद्यार्थी, बुद्धिजीवी र स्थानीय प्रतिनिधिको उल्लेख्य सहभागी रहेको थियो।

कार्यक्रममा सम्बोधन गर्ने वक्ताहरूले माओवादी आन्दोलनले ल्याएको परिवर्तन गुम्न नदिन सतर्क रहन आग्रह गरेका छन्। लुम्बिनी प्रदेश समिति सचिवालय सदस्य तथा सिस्ने गाउँपालिका अध्यक्ष कृष्ण रेग्मीले माओवादी जनयुद्धमा युवाको बलिदान स्मरण गर्दै परिवर्तनलाई जोगाउने जिम्मा अहिलेको पुस्ताले लिनु बताए।

यस्तै प्रदेश समिति सदस्य तिर्था पुनले सबै धर्म र संस्कृतिलाई सम्मानपूर्वक स्वीकार गरी आपसी सद्भाव बलियो बनाउनुपर्नेमा जोड दिए।

सचिवालय सदस्य उपेन्द्रलाल कामीले समाजवादी क्रान्तिको नेतृत्व माओवादी केन्द्रले लिनुपर्ने दाबी गर्दै दलित मुक्तिमोर्चाले समेत त्यस दिशामा अभियान तय गरेको बताए। विद्यार्थीका केन्द्रीय उपाध्यक्ष सन्दिप पुनले हालको जेनजी पुस्ता भ्रष्टाचार र निरंकुशताविरुद्ध आन्दोलनतर्फ उभिँदै गएको उल्लेख गर्दै सचेत रहन आग्रह गरे। अखिल क्रान्तिकारी रुकुमपूर्वका अध्यक्ष चन्द्र रसाइलीले विद्यार्थी राजनीति सामाजिक रूपान्तरणको मेरुदण्ड भएको बताउँदै अध्ययनसँगै जनमुखी आन्दोलनमा संलग्न रहनुपर्ने बताए। जेनजीलाई समात्दै अखिल क्रान्तिकारीले विद्यार्थी आन्दोलनलाई पुनः जागृत गर्ने बताए। अब युवा पुस्तालाई जनसुकै पार्टीले न समेत पार्टीले क्षति बेहोर्नुपर्ने उनले बताए।


# Aathbiskot Municipality
# Office of the Municipal Executive
## Aathbiskot, Rukum (West)
## Karnali Province, Nepal

## INVITATION FOR BIDS

**Contract Identification No: Mentioned in a table below**
**Date of publication: 2082/06/09 B.S. (25th Sep, 2025)**

1. Aathbiskot Municipality Office invites electronic bids from eligible bidders for the following work under National competitive Bidding (NCB) procedure. Some of the qualification criteria are mentioned below, through the details are:

| S.N. | Contract No. | Description of work | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Submission Deadline | Bid Opening Date | Estimate Amount (Excl. VAT) NRs. |
|---|---|---|---|---|---|---|---|
| 1. | AMO/NCB/ G-6/2082/083 | Supply and Delivery of Medical surgical Product at Athbiskot Nagar Hospital Yard. | 3000.00 (Non-Refundable) | 33,000.00 | 26 Oct. 2025 12:00 Noon | 26 Oct. 2025 02:00 PM | 11,49,762.40 |
| 2 | AMO/NCB/ W-5/2082/083 | Construction of School Compound Wall at Bhanubhakta Basic School Aauligaun Aathbiskot Municipality-7,Rukum (Western Part). | 3000.00 (Non-Refundable) | 1,15,000.00 | 26 Oct. 2025 12:00 Noon | 26 Oct. 2025 02:00 PM | 39,07,758.82 |
| 3 | AMO/NCB/ W-6/2082/083 | Construction of School Building Kalika Secondary | 3000.00 (Non-Refundable) | 5,00,000.00 | 26 Oct. 2025 12:00 Noon | 26 Oct. 2025 02:00 PM | 1,66,94,555.93 |

| | |
|---|---|
| Place to Purchase & Submit the Bid Document | PPMO'S website: www.bolpatra.gov.np/egp |
| Account details for the payment of non-refundable bid document fee | Bank Name: Prabhu Bank Ltd. Bank Address: Aathbiskot Municipality 09, Rukum (west) Account holder's Name: Aathbiskot Municipality Office Account Number: 2607089815000178 (Revenue Account) |
| Account details to furnish the bid security amount | Bank Name: Prabhu Bank Ltd. Bank Address: Aathbiskot Municipality 09, Rukum (west) Account holder's Name: Aathbiskot Municipality Office Account Number: 2607089815000048 (Dharauti/Retention Account) |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
९ असोज २०८२ बिहीबार
25 September 2025 Thursday

## सम्पादकीय

# बजेटमा सुधारात्मक कटौती

जेनजी प्रदर्शनपछि बनेको अन्तरिम सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमा कैंची चलाउँदै पुँजीगत खर्चमा कटौती र चालू खर्चमा सुधारात्मक कदम चालेको छ। केही महिनाअघि तत्कालीन सरकारलाई अर्थतन्त्र समग्र सुधारका लागि ३ सय ८० पृष्ठको प्रतिवेदन बुझाएका पूर्वअर्थ सचिव रामेश्वर खनाल स्वयं अर्थमन्त्री नियुक्त भएपछि कार्यान्वयनको तत्कालीन पहल थालेको देखिन्छ। यसले भर्खरैको आन्दोलनले ध्वस्त संरचना पुनर्निर्माण र तोकिएकै समयमा आमचुनावका लागि खर्च जुटाउनेगरी सरकार अघि बढेको संकेत दिएको छ। खासगरी संघीय सरकारले राजनीतिक लाभहानि हेरेर ससाना खुद्रे र टुक्रे आयोजनाका लागि छुट्टयाउने बजेटले पुँजीगत खर्च कनिका छरेजस्तै हुँदै आएको थियो। संघीयताको मर्मअनुसार त्यस्ता साना आयोजना प्रदेश वा स्थानीय सरकारले नै गर्नुपर्ने हो। तर व्यवहारमा त्यस्तो भइरहेको थिएन। यसपटक भने अन्तरिम सरकारले त्यस्ता टुक्रे बजेट निकासा रोक्ने निर्णय लिएको छ। त्यस्तै, १० लाख रूपैयाँभन्दा बढीका आयोजना उपभोक्ता समितिबाट नभई ठेक्कामार्फत गर्नुपर्ने व्यवस्था गरिएको छ। अर्थ मन्त्रालयले २०८२ असोज २ भित्र खरिद सम्झौता भइसकेका वा अन्तिम चरणमा पुगेका आयोजनाबाहेक अरू रोक्ने भनेको छ।

तीन तहका सरकार, संसद् र जनप्रतिनिधि धान्न मुस्किल भएको भन्दै संघीयताप्रति नै प्रश्न उठिरहेका बेला अन्तरिम सरकारले प्रस्ट दुई सन्देश दिएको छ। पहिलो, प्रदेश खारेज हुँदैन। दोस्रो, अहिले संघ, प्रदेश र स्थानीय तहमा सल्लाहकार, प्रेसविज्ञ वा स्वकीय सचिवालयमा भरहेको जथाभावी नियुक्ति भने रोकिएको छ। राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभा अध्यक्षबाहेकका कुनै पनि राजनीतिक पद तथा पदाधिकारीले अब सल्लाहकार राख्न नपाउने भएका छन् भने नेताका स्वकीय सचिव सुविधा खारेज गरिएको छ। त्यस्तै, नेता वा सरकारी पदाधिकारीले एकभन्दा बढी सवारी सुविधा लिन नपाउनेदेखि विदेश भ्रमणमा पनि कडाइ गरिएको छ। अत्यावश्यकबाहेक विदेश भ्रमणमा रोक लगाइएको छ भने राष्ट्रपति र प्रधानमन्त्रीको विदेश भ्रमणमा बढीमा १० जना मात्र जाने व्यवस्था गरिएको छ। सरकारले सत्तारूढ दलबीच भागबन्डा गरी गठन गरेका भूमि समस्या समाधान आयोग पनि खारेज गरेको छ। विगतमा सरकार परिवर्तन भएपिच्छे आयोग गठन र भंग हुँदै आएको थियो। यस्तै, तत्काल नयाँ दरबन्दी नथप्ने बरू अनावश्यकलाई घटाउने नीति सरकारले लिएको छ। अस्थायी तथा करारमा कर्मचारी राख्नसमेत रोकिएको छ। सत्तारूढ दलको भागबन्डा र भर्तीकेन्द्र बनेको भूमि समस्या समाधान आयोग पनि खारेज गरिएको छ।

अन्तरिम सरकारले गरेका यी निर्णयले एकातर्फ राज्यबाट हुने अनावश्यक खर्च कटौतीमा मद्दत पुग्नेछ भने अर्कोतर्फ टुक्रे योजनाले बजेट प्रणालीमै उत्पन्न विकृतिलाई नियन्त्रण गर्नेछ। राजनीतिक कार्यकर्ताले स्वकीय सचिवालय, सल्लाहकार, प्रेस सल्लाहकार, विज्ञ वा जथाभावी करार नियुक्तिबाट लिइरहेको लाभमा लगाम लगाएको छ। संघ, प्रदेश र स्थानीय सरकारवरपर बसेर फाइदा लिइरहेका व्यक्तिमा भइरहेको अनुत्पादक खर्च कटौती भएको छ। यस्ता सुधारात्मक कदमले हाम्रो लोकतन्त्रलाई दलतन्त्र बनाइरहेका तरमारा वर्गलाई रोकेको छ भने आमनागरिकमा थोरै भए आशाको सञ्चार गराएको छ।

# वैदेशिक रोजगारी र अर्थतन्त्र

*रेमिट्यान्सले तत्काल आर्थिक राहत दिन्छ। सँगै, यदि दीर्घकालीन उत्पादनशील लगानीमा रूपान्तरण गर्न सकियो भने वैदेशिक रोजगारी नेपालको आर्थिक समृद्धिको आधार बन्न सक्छ।*

अग्रलेख



● ईश्वर बुढाथोकी

वैदेशिक रोजगारी नेपालजस्ता मुलुकका लागि आवश्यक थियो र छ। तर अहिलेको निम्ति निर्विकल्प उपायजस्तो बनेको छ। पछिल्लो चरणमा भएको जेनजीको आन्दोलनले राजनीतिक रूपमा त सकारात्मक परिवर्तन ल्यायो तर आर्थिक रूपमा भने ठूलो संकट सिर्जना गऱ्यो। त्यो संकट कति र कहिलेसम्म जान्छ, यकिनपूर्वक भन्ने अवस्था छैन। एकातिर आन्तरिक रूपमा माहौल बिग्रिएको छ भने अर्कोतिर बाह्य रूपमा पनि भरोसा गुमेको छ। जसका कारण राष्ट्रिय अर्थतन्त्र कसरी अगाडि बढ्ला भन्ने चिन्ता बढेको छ। उद्योगी तथा व्यवसायीले पनि निकै अन्योलता र चिन्ता व्यक्त गरिरहेका छन्। उनीहरू थप लगानी गर्ने विषयमा डराइरहेका छन्। उनीहरूले सरकारसँग ग्यारेन्टीको माग गरिरहेका छन्। यद्यपि चुनावी सरकारले कसरी सम्बोधन गर्ने, त्यो अर्को अन्योल छ।

यसैबीच मुलुकको अर्थतन्त्रलाई सामान्यकृत रूपमै भए पनि चलायमान गराउन वैदेशिक रोजगारी उत्तम विकल्प बन्न सक्छ। हुन त यसै पनि हाम्रो अर्थतन्त्रको ठूलो हिस्सा वैदेशिक रोजगारीमा आधारित छ। यसैबीच अहिलेको परिस्थितिले वैदेशिक रोजगारीलाई बाध्यकारी बनाइरहेको छ।

विगतदेखि नै वैदेशिक रोजगारी र अर्थतन्त्रबीच गहिरो सम्बन्ध रहेको पाइन्छ। लाखौं नेपाली युवा विभिन्न मुलुकमा रोजगारीको सिलसिलामा रहेका छन्, जसको प्रत्यक्ष असर नेपालको राष्ट्रिय अर्थतन्त्रमा देखिन्छ। तिनीहरूले पठाउने रेमिट्यान्स (वैदेशिक मुद्रा)ले देशको वित्तीय सन्तुलन, उपभोग दर, लगानी, तथा समग्र आर्थिक वृद्धिमा टेवा पुऱ्याएको छ। हुन पनि देशभित्र पर्याप्त रोजगारीको अवसर छैन। बेरोजगारी र अल्प रोजगारीको दर उच्च छ। कृषिमा आधारित जनसंख्या दर अत्यधिक हुँदा पनि वैदेशिक रोजगारी विकल्प मात्र नभई आवश्यकता बनेको छ। तथ्यांकलाई केलायौं भने नेपालले हरेक वर्ष वैदेशिक रोजगारीबाट अर्बौं रुपैयाँबराबरको रेमिट्यान्स प्राप्त गरेको पाइन्छ। रेमिट्यान्सले नेपालमा उपभोग गर्न सक्ने क्षमता बढाएको छ, जसले सेवा क्षेत्र, निर्माण क्षेत्र र खुद्रा व्यापारजस्ता क्षेत्रमा आर्थिक गतिविधि बढाएको छ। साथै, रेमिट्यान्सले विदेशी मुद्रा सञ्चितिमा वृद्धि गर्दै देशको भुक्तानी सन्तुलनमा सकारात्मक प्रभाव पारेको छ। अर्थतन्त्रको सबैभन्दा स्थिर र भरपर्दो स्रोतका रूपमा रेमिट्यान्स रहने गरेको छ, विशेषगरी जब देशको निर्यात व्यापार कमजोर छ र औद्योगिक उत्पादन सीमित छ।

तर, वैदेशिक रोजगारीसँगै केही चुनौती पनि छन्। विशेषतः जनशक्तिको पलायनले देशभित्रको उत्पादक जनसंख्याको ह्रास, पारिवारिक विखण्डन, सामाजिक संरचनामा असर र दीर्घकालीन विकास रणनीतिमा समस्या निम्त्याएको छ। देशको शारीरिक श्रममा आधारित जनशक्ति वैदेशिक भूमिमा सस्तो श्रमिकका रूपमा काम गर्नुपरेको अवस्था नेपालजस्तो मुलुकका लागि आत्ममूल्यांकनको विषय हो। यस्तोमा प्रश्न उठ्छ- नेपालले वैदेशिक रोजगारीबाट अधिकतम लाभ कसरी लिने ?




वैदेशिक रोजगारीको पूर्वतयारी व्यवस्थित र वैज्ञानिक बनाउनु आवश्यक छ। हाल प्राविधिक तालिमको पहुँच सीमित छ र धेरै नेपाली बिनासिप वा अनुभव सिधै वैदेशिक श्रम बजारमा जान्छन्। नेपालले श्रमिकहरूलाई सिपमूलक तालिम, भाषा ज्ञान, कानुनी जानकारी र कार्यस्थलमा आवश्यक व्यवहारजन्य सिपबारे व्यापक रूपमा तालिम दिनु जरुरी छ। सिपयुक्त श्रमिक उच्च पारिश्रमिक पाउँछन् र कामको स्थायित्व पनि राम्रो हुन्छ, जसले रेमिट्यान्सको मात्रामा मात्र नभई गुणस्तरमा पनि सुधार ल्याउँछ।

सरकार र निजी क्षेत्रबीच सहकार्य गरेर दक्ष श्रमिकको डाटा बैंक निर्माण गर्नु जरुरी छ। कुन मुलुकमा कुन प्रकारको सिप माग छ भन्ने अनुसन्धान र विश्लेषण गरेर त्यसअनुसार श्रमिक उत्पादन गर्न सकिन्छ। उदाहरणका लागि, जापानमा केयर गिभर, कोरियामा निर्माण र कृषि श्रमिक, युरोपमा टेक्निकल र हेल्थ सेक्टरको माग उच्च छ। यस्ता क्षेत्रमा सटिक तालिम र योग्य श्रमिक पठाउने नीति अवलम्बन गर्नु दीर्घकालीन हितमा हुनेछ। द्विपक्षीय श्रम सम्झौताहरूलाई पारदर्शी, कार्यान्वयनमुखी र श्रमिकमैत्री बनाउनुपर्छ। धेरैजसो नेपाली श्रमिक गैरकानुनी बाटोबाट जान्छन् वा दलालको भर पर्न बाध्य हुन्छन्, जसले गर्दा उनीहरू शोषणको सिकार बन्ने सम्भावना उच्च हुन्छ। सरकारबीचको प्रत्यक्ष सम्झौता र नियमनले श्रमिकहरूको अधिकार सुरक्षित राख्न मद्दत गर्छ।

रेमिट्यान्सलाई उत्पादक क्षेत्रमा प्रयोग गर्नुपर्ने आवश्यकता छ। अहिलेको अवस्थामा अधिकांश रेमिट्यान्स उपभोगमा खर्च हुन्छ- घर निर्माण, गाडी किन्ने, चाडपर्व मनाउने, दैनिक जीवनयापन आदि। यसको दीर्घकालीन लाभ सीमित हुन्छ। त्यसैले सरकारले रेमिट्यान्सलाई उत्पादनमुखी क्षेत्र–जस्तै कृषि, लघु उद्यम, प्राविधिक व्यवसाय, शिक्षा, स्वास्थ्यलगायतमा लगानी गर्न प्रोत्साहन गर्नुपर्छ। वैदेशिक रोजगारीबाट फर्किने श्रमिकहरूलाई उद्यमशीलता विकासका लागि सहुलियत ऋण, प्राविधिक सहायता र बजार पहुँच दिन सकिन्छ।

> *जेनजीको आन्दोलनले राजनीतिक रूपमा त सकारात्मक परिवर्तन ल्यायो तर आर्थिक रूपमा भने ठूलो संकट सिर्जना गऱ्यो। त्यो संकट कति र कहिलेसम्म जान्छ, यकिनपूर्वक भन्ने अवस्था छैन। एकातिर आन्तरिक रूपमा माहोल बिग्रिएको छ भने अर्कोतिर बाह्य रूपमा पनि भरोसा गुमेको छ।*

प्रविधि र डिजिटल माध्यमको उपयोग गरेर वैदेशिक रोजगार प्रक्रियालाई पारदर्शी बनाइनु जरुरी छ। विद्यमान अनलाइन प्रणालीहरू अझ प्रभावकारी बनाउने, श्रमिकहरूले आफ्नो फाइलको स्थितिबारे थाहा पाउने, समस्या परे तुरुन्त गुनासो गर्न सक्ने व्यवस्था गर्नुपर्छ। साथै, वैदेशिक श्रमिकहरूका लागि मोबाइल एप्स, अनलाइन हेल्पडेस्क, र डिजिटल वित्तीय सेवाको विकासले सघाउ पुऱ्याउँछ।

वैदेशिक रोजगारी र अर्थतन्त्र बीचको सम्बन्धले नेपाललाई अवसर र चुनौती दुवै दिएको छ। उचित नीतिगत योजना, संस्थागत सुधार र दीर्घकालीन सोचमार्फत नेपालले वैदेशिक रोजगारीलाई राष्ट्रको समग्र आर्थिक रूपान्तरणमा उपयोग गर्न सक्छ। रेमिट्यान्सले तत्काल आर्थिक राहत दिन्छ। सँगै यदि दीर्घकालीन उत्पादनशील लगानीमा रूपान्तरण गर्न सकियो भने वैदेशिक रोजगारी नेपालको आर्थिक समृद्धिको आधार बन्न सक्छ। नेपालले वैदेशिक रोजगारीबाट प्राप्त अवसरलाई विकासको मेरुदण्ड बनाउन आवश्यक छ। सस्तो श्रमिकको भूमिकाबाट माथि उठेर, सीपयुक्त, सुरक्षित र सम्मानजनक वैदेशिक रोजगारीको मोडेल विकास गर्नु आजको आवश्यकता हो। यसका लागि राजनीतिक प्रतिबद्धता, प्रशासनिक दक्षता र जनचेतनाको समन्वय आवश्यक छ। तब मात्र वैदेशिक रोजगारी अर्थतन्त्रको अस्थायी सहारा होइन, दीर्घकालीन आधार बन्न सक्नेछ। अहिलेको सन्दर्भमा सरकारले थप सचेतता अपनाउँदै वैदेशिक रोजगारलाई तत्कालीन अवसरका रूपमा उपयोग गर्न आवश्यक छ। तत्कालीन समस्यालाई सुल्झाउन पनि यो निकै आवश्यक देखिन्छ। यद्यपि वैदेशिक रोजगारीका लागि पनि विश्व समुदायमाझ विश्वासको वातावरण भने बनाउन आवश्यक छ।

## इतिहासमा आज

२५ सेप्टेम्बर १९९२ मा नासाले मंगल ग्रह अवलोकनका लागि पहिलोपटक यान प्रक्षेपण गरेको थियो। तर ११ महिनापछि कक्षीय प्रवेशको तयारी गर्दा उक्त यान असफल बनेको थियो।



२५ सेप्टेम्बर १९७७ मा सिकागो म्याराथनको पहिलो दौडमा लगभग ४ हजार २ सय मानिसहरूले भाग लिएका थिए।



२५ सेप्टेम्बर १९६२ मा अल्जेरियाले जनवादी गणतन्त्रको औपचारिक घोषणा गरेको थियो। फरहत अब्बास अस्थायी सरकारको राष्ट्रपति निर्वाचित भएका थिए।



२५ सेप्टेम्बर १९६२ मा अब्दुल्लाह अल-सल्लालले नयाँ ताज पहिरिएका इमाम अल-बद्रलाई पदच्युत गरेका थिए। आफ्नो अध्यक्षतामा उनले यमनलाई गणतन्त्र घोषणा गरेपछि उत्तरी यमनमा गृहयुद्ध सुरु भएको थियो।



# संविधानलाई जनअनुकूल बनाउने अवसर

विचार



● रूपा अर्याल

> *जेनजी आन्दोलनसँगै मुलुक नयाँ परिवेशमा प्रवेश गरेको छ। अहिलेको अवस्था केही अन्योलपूर्ण रहे पनि सधैंका लागि अन्योललाई तोड्ने अवसर पनि हो। यदि दलहरू सच्चिएमा, नागरिक समाज सच्चिएमा, युवाहरूले सही बाटो देखेमा संविधानलाई र मुलुकलाई सही दिशातिर लैजान सकिन्छ। जुन निकै युगान्तकारी हुनेछ।*

व्यवस्था परिवर्तनपछि देशले दिगो रेखा कोर्ने आशा आमजनतामा उत्पन्न भएको थियो। नयाँ संविधानले त्यसलाई स्थायित्व दिने बुझाइ आममा थियो। तर देशमा स्थायित्व र शान्ति नभई अद्योगतिर धकेल्ने अवस्था बन्यो। व्यवस्था परिवर्तन र संविधान जारी पछि पनि सरकार हेरफेरको चर्क फेरिएन। कुनै पनि संरचना स्थायी रूपमा अघि बढ्ने अवस्था रहेन। सरकार पटके शैलीमा नै बन्ने अवस्था बन्यो।

२०७९ को आमनिर्वाचनपछि मात्रै पनि दुईपटक सरकार नेतृत्व र तीन गठबन्धन परिवर्तन भयो। छोटो अवधिमा पटके शैलीमा सरकार परिवर्तन हुँदा कुनै पनि संरचना स्थायी प्रकृतिको हुन सकेनन्। जसको कारण आमजनतामा ठूलो वितृष्णा र आक्रोश पैदा हुने अवस्था बन्यो। जसकै आधारमा जेनजी विद्रोह हुन पुगेको हो। जेनजी विद्रोहसँगै पनि समस्या समाधान भइसकेको छैन। मध्यावधि चुनावमा जाने सहमतिसहित सरकार बने पनि भनिएअनुसार हुन्छ वा हुँदैन यकिनपूर्वक भन्ने अवस्था छैन। आन्दोलनको मागलाई हेर्दा ठूलो लगानी र लामो प्रयासपछि जारी संविधान खारेज त हुँदैन भन्ने प्रश्न पनि उब्जिएको छ।

संविधानसभाबाट संविधान जारी भएको पनि १० वर्ष पुगिसकेको छ। तर संविधान पूर्ण कार्यान्वयनमा गइसकेको भने छैन। अझै पनि संविधानअनुसारका कानुन बन्न सकेका छैनन्। यद्यपि, अवस्थालाई हेर्दा मुलुक फेरि पुरानै कोर्समा फर्किन खोज्दै छ।

यदि संविधान खारेजमा भएमा मुलुक फेरि पुरानै चक्रमा फर्किनेमा दुविधा छैन। अर्को भाषामा मुलुक फेरि शून्यमा जानेछ। शून्यमा जाँदा भएको संरचना के हुन्छन्, कसरी अगाडि बढ्छन्, आगामी विकल्प के हुन्छन् भन्ने अन्योल कायमै छ।

जबसम्म देशभित्रका समस्यालाई आन्तरिक रूपबाट समाधान गरिँदैन, जबसम्म हाम्रा समस्या समाधानका उपाय हामीभित्रै खोजिँदैन, तबसम्म समस्या कायमै रहनेछ। अहिलेको अवस्था करिब यही हो। अहिलेको घटनाले प्रस्ट्याएको छ, अब आउने वर्षहरूमा पार्टीका नेता-कार्यकर्ताहरूले आफूले सिर्जना गरेका विकृतिप्रति पश्चाताप गर्नुपर्नेछ।

व्यवस्था आफैंमा बेठिक होइन, त्यसलाई कार्यान्वयनमा लैजाँदा कसरी अगाडि बढ्छ भन्ने मात्र हो। फरक-फरक एजेन्डा बोकेका दलहरूका भावना समेटेर संविधान २०७२ जारी भएको हो। जसमा सबैका विषय पनि छन् र छैनन् पनि। यद्यपि यसले मुलुकलाई बाटो देखाइदिएको छ। यो संविधानले सबैलाई प्रतिस्पर्धात्मक रूपमा अघि बढ्ने अवस्था बनाइदिएको छ। चाहे साम्यवादी हुन् वा पुँजीवादी सबैलाई जनताको मत जितेर अगाडि बढ्ने बाटो खोलिदिएको छ। तर यसको यति महत्वपूर्ण पाटो अहिले फेरि छायामा पर्दै छ। जसको कारण दलहरूको शैली र संविधानलाई बुझ्ने तरिका हो।

हेर्दा प्रस्ट हुन सकिन्छ, स्वयं दलहरूले कहिल्यै पनि स्थायित्वको खोजी गर्न चाहेनन्। सधैं एकले अर्कोलाई फुटाउने र सत्तामा हालीमुहाली गर्ने संस्कृतिलाई मात्रै अगाडि बढाइरहे। पञ्चायतको शैली बहुदल र गणतन्त्रमा पनि यही शैली चलिरह्यो। पञ्चायत खोज्ने राप्रपा र साम्यवादको कल्पना गर्ने माओवादीको शैली पनि फरक भएन। जनतालाई डेलिभरी दिने सवालमा पनि उनीहरू फरक भएनन्।


जेनजी आन्दोलनसँगै मुलुक नयाँ परिवेशमा प्रवेश गरेको छ। अहिलेको अवस्था केही अन्योलपूर्ण रहे पनि सधैंका लागि अन्योललाई तोड्ने अवसर पनि हो। यदि दलहरू सच्चिएमा, नागरिक समाज सच्चिएमा, युवाहरूले सही बाटो देखेमा संविधानलाई र मुलुकलाई सही दिशातिर लैजान सकिन्छ। जुन निकै युगान्तकारी हुनेछ। विगतका अनुभवलाई आधार बनाउँदै मुलुकलाई नयाँ बाटोमा हिँडाउन सक्नु अर्को ठूलो क्रान्ति हुनेछ। अहिलेको अवस्थालाई अवसरका रूपमा लिँदै मुलुकको हितका निम्ति प्रयोग गर्न आवश्यक छ।

## सामाजिक सञ्जाल



**गोकुल बाँस्कोटा**

सबै ठिकठाक थियो भन्ने ठान्नु एउटा भ्रम थिएन भने कसरी यस्तो भयो त ? के त्यो भूकम्प, सुनामी वा टाइफुनजस्तै अचानकको विपत्ति मात्र थियो ? राज्य संयन्त्र बेखबर थियो, बेपरवाह थियो। कारणको खोजी, भविष्यको दिशानिर्देश गर्न समीक्षा र सुधारबारे कुरा गर्न मिल्दैन भने वेक अप कल नै डिलिट हान।



**रोशन सिवाकोटी**

राजसंस्था धोका षड्यन्त्र र चोर बाटोबाट हटाइयो तर राजसंस्था वैधानिक सर्वसम्मत राष्ट्रिय एकताबाट पुनर्स्थापना हुनेछ। नेपाली कांग्रेस र एमाले प्रचण्ड पथबाट बिपी र मदन भण्डारी पथमा फर्कने दबाब बढ्नेछ। माओवादी पनि लेन्डुप पथबाट राष्ट्रवादी कित्तामा फर्कने दबाब बढ्नुपर्छ। जेलेनेस्की पथलाई।



**रूद्र पाण्डे**

घुस कसैले माग्दैन। काम गर्दैनन्, अनि कुन तरिकाले घुस दिने भनेर आफैले खोज्नु पर्छ। दलालले पत्तो पाउँछ र घुस पनि लिन्छ अनि काम पनि हुन्छ। यो कुरा उहिलेकालाई पनि थाहा थियो र अहिलेकालाई पनि थाहा छ। उहिले पनि फोन गर्नु भन्थे, तर फोन कहिले उठ्दैन थ्यो, अहिले चैं उठ्छ कि ?



**नारायण अमृत**

बेलै यही हो। खुलेर बोल। खुलेर मत राख। खुलेर घरभित्र संवाद गर, कम्तीमा मन हल्का हुन्छ। खुलेर आत्मालोचना गर, तिम्रो पार्टी सुध्रिन्छ। तिम्रो प्रशासन र प्रक्रिया सच्चिन्छ। खुलेर- आफ्ना सन्तानको रगतलाई सहिदको दर्जा देऊ। सन्तानलाई इग्नोर नगर।

# सर्लाहीमा बस र ट्रक ठोक्किँदा सात जना घाइते

**घनश्याम बलम्पाकी/मध्यान्ह**
सर्लाही, ८ असोज



पूर्व-पश्चिम राजमार्गअन्तर्गत सर्लाहीको बाँके जंगलमा यात्रुबाहक बस र ट्रक ठोक्किँदा सात जना घाइते भएका छन्।

ईश्वरपुर नगरपालिका-१३ नजिकै भएको यो दुर्घटनामा काठमाडौंबाट विराटनगरतर्फ जाँदै गरेको बागमती प्रदेश ०१-००६ ख ६३०६ नम्बरको रात्री बस र महोत्तरीको बर्दिवासबाट चामल बोकेर भैरहवातर्फ गइरहेको ना ६ ख २९२८ नम्बरको ट्रक आपसमा ठोक्किएका हुन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुरका अनुसार बसमा ३९ जना यात्रु सवार थिए। ठक्करपछि बस र ट्रक आ-आफ्नो साइडमा पल्टिएका छन्।

दुर्घटनामा मोरङको विराटनगर महानगरपालिका-४ बस्ने २९ वर्षीया सविक्षा राई, मोरङको रंगेली नगरपालिका-९ बस्ने ४० वर्षीया लालकुमारी श्रेष्ठ, उनकी छोरी १५ वर्षीया युनिष्का राउत, विराटनगर महानगरपालिका-३ बस्ने ३९ वर्षीया सविता रेग्मी, उनकी छोरी आठ वर्षीया प्रिसा भट्टराई, भारतको बिहार कटैया पञ्चायत वडा नं. ३ दरभंगा घर भइ काठमाडौं त्रिपुरेश्वर बस्ने रामशरण मण्डल र मोरङको सुन्दरहरैचा नगरपालिका-९, बस्ने ५२ वर्षीया लोकबहादुर विक घाइते भएका छन्।

प्रहरीका अनुसार एक जनाको लालबन्दीमा र बाँकी छ जनाको महोत्तरीको बर्दिवासमा उपचार भइरहेको छ।

प्रहरीका अनुसार रात्री बस मुग्लिन-नारायणगढ सडकखण्डमा तीन दिनसम्म जाममा परेपछि बुधबार विराटनगरतर्फ जाँदै थियो। वर्षाका कारण सडक चिप्लो भएको अवस्थामा दुर्घटना भएको प्रहरीको प्रारम्भिक अनुमान छ।

दुर्घटनापछि राजमार्गमा यात्रा गरिरहेका अन्य यात्रु र प्रहरीले घाइतेको उद्धार गरेका थिए। इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक वीरेन्द्रसिंह जोहारीले बसका यात्रुका सामानहरू प्रहरी चौकी फूलजोरमा सुरक्षित राखिएको र यात्रु तथा आफन्तहरूले सम्पर्क गरी सामान बुझिरहेको जानकारी दिए।

# मनास्लु आरोहण गर्ने कान्छी आरोही बनिन् छिरिङ



**गोरखा/मस-** उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-१ सामागाउँकी २२ वर्षीया छिरिङ डिकी लामा मनास्लु आरोहण गर्ने नेपालकै कान्छी आरोही बनेकी छन्।

लामाकी आफन्त एवं आरोही नाङ्सल छोदेनका अनुसार यसअघि १९ वर्षीया विदेशी युवतीले मनास्लु आरोहण गरिसकेकी छन्।

नेपाल मनास्लु आरोहण गर्नेमा भने छिरिङ डिकी हालसम्मकै कान्छी रहेको नाङ्सलले जानकारी दिए।

सोमबार बिहान ६ बजे बेसक्याम्पबाट प्रस्थान गरेकी छिरिङले मंगलबार बिहान १०:५० बजे मनास्लुको शिखर चमेकी उनको भनाइ छ।

छिरिङले पायोनियर एड्भेञ्चर कम्पनी प्रालिमार्फत आठ हजार १६३ मिटर अग्लो मनास्लु आरोहण गरेकी हुन्।

उनी गाउँघरमै घरायसी काम गरेर बस्ने किशोरी हुन्।

उनीसँगै मनास्लु आरोहण गर्ने सामागाउँका चार जना भएका छन्। यसअघि सामागाउँका डिकील्हामु, मिङ्मार छिरिङ र नाङ्सल छोदेनले मनास्लु आरोहण गरिसकेका छन्।

# अलपत्र घमी खोला पुल



**मुस्ताङ/मस-** उत्तर/दक्षिण व्यापारिक मार्ग विस्तारित आयोजनाअन्तर्गत कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक आयोजनामार्फत ठेक्का सम्झौता भएको मुस्ताङको लोघेकर दामोदरकुण्ड-२ घमी खोलामा निर्माणाधीन पक्की पुल अलपत्र परेको छ। यहाँको घमी खोलामा निर्माणाधीन पुल ठेक्का सम्झौता भएको सात वर्ष बितिसक्दासमेत सम्पन्न हुन सकेको छैन।

२०७५ पुस १६ गते छ करोड ८० लाख लागतमा निर्माण कम्पनी हिमढुङ ठोक्कर एण्ड इमोटल जेभीले आयोजनासँग ठेक्का सम्झौता गरेको थियो। तीन वर्ष सुरुआती ठेक्का सम्झौता भएको यहाँको घमी खोला पुल २०७८ साल पुस ९ गते सम्पन्न भइसक्नुपर्ने थियो। तर, निर्माण कम्पनीको चरम ढिलासुस्तीका कारण यहाँको पुल सम्पन्न हुन नसकी पटकपटक म्याद थप हुँदै आइरहेको छ।

एक स्पान मात्रै रहेको यहाँको घमी खोला पुलको लम्बाइ ४० मिटर र फुटपाथ र नालीसहित ११ मिटर चौडा हुनेगरी ठेक्का सम्झौता भएको आयोजनाले जनाएको छ।

यहाँको पुल निर्माणलाई पूर्णता दिन आयोजनाले निर्माण कम्पनीलाई यसअघि पटकपटक ताकेता गरेको भए पनि निर्माण कम्पनीले पुल निर्माणमा अग्रसरता नदिँदा यहाँको पुल अलपत्र पर्दै आइरहेको थियो। यहाँ २०७९ साल निर्माण कम्पनीले ठेक्का मोबिलाइजेसनवापत लिएको रु ७० लाख ५० हजार आयोजनालाई फिर्ता लिएको थियो। यहाँ प्रतिकूल मौसम र हिमपातका कारण काम हुन नसकेको जनाउँदै निर्माण कम्पनीले पुलको सम्पन्न अवधि थप गर्दै आइरहेको थियो।

पछिल्लो समय गत वैशाखमा निर्माण कम्पनीले पुल निर्माणका लागि केही काम अघि बढाएको भएपनि त्यसयताको समयमा कुनै काम अघि बढ्न नसकेको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिए।

उनले बहुचर्चित उत्तरी कोरलानाका पूर्ण रुपमा सञ्चालनमा आइसकेको अवस्था रहँदासमेत हालसम्म पुल सम्पन्न हुन नसक्नु दुर्भाग्य भएको बताए।

निर्माण कम्पनीले चासो दिएर काम अघि बढाएमा दुई महिनाभित्रै पुल सम्पन्न हुने अध्यक्ष विष्टको भनाइ छ।

कोरलानाका जोड्ने मुस्ताङको घमी खोला पुलको पछिल्लो भौतिक प्रगति ७५ प्रतिशत पुगेको आयोजनाका सूचना अधिकारी बाबुसाहेवकुमार बैठाले जानकारी दिए।

पुलको दायाँबायाँ फाउन्डेसन ढलानसहित पुल ढलानका लागि सटिङको काम सकिएको आयोजनाका सूचना अधिकारी बैठाले उल्लेख गरे।

यहाँको घमी खोला पुलको पछिल्लो थप भएको म्यादसमेत सकिएर निर्माण कम्पनीलाई ठेक्का सम्झौता लागतको दैनिक (०.०५) प्रतिशत हुनेगरी २०० दिनको म्याद दिइएको सूचना अधिकारी बैठाको भनाइ छ।

जरिवाना रकम तोकिएको म्यादभित्र पनि निर्माण कम्पनीले पुलको काम अघि नबढाएमा ठेक्का धरौटी तानेर ठेक्का सम्झौता तोड्ने प्रक्रिया अघि बढाइने उनले बताए।

यहाँको जोमसोम-कोरला सडकमार्गमा पर्ने अधिकाश शाखा नदीमा पक्की पुल निर्माण भइसकेको भएपनि घमी खोला पुल निर्माण पूरा नहुँदा यसपटक उपल्लो मुस्ताङको कोरला नाका पुगेर मालवस्तु ढुवानी गर्ने कन्टेनर र विद्युतीय सवारीलाई आवतजावतमा समस्या उत्पन्न भएको छ।

# काठमाडौं महानगरभित्र १ हजार ६० स्मार्ट बोर्ड जडान गरिने



**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाभित्रका सामुदायिक विद्यालयमा एक हजार ६० स्मार्टबोर्ड जडान गरिने भएको छ।

महानगरपालिकाका नगर प्रमुख बालेन्द्र शाहले बुधबार सामाजिक सञ्जालमार्फत महानगरभित्रका ८७ सामुदायिक विद्यालयमा तिहारअघि एक हजार ६० स्मार्टबोर्ड जडान गर्नेगरी महानगरले काम गरिरहेको जानकारी दिए।

नगरप्रमुख शाहले हालसम्म ४ सय ९० स्मार्टबोर्ड जडान भइसकेको र बाँकी ५ सय ७० बोर्ड जडानका लागि बजेट निकासा भइसकेकाले तिहारअघि नै उक्त बोर्ड पनि जडान भइसक्ने बताए।

उक्त स्मार्टबोर्ड जडान भएसँगै काठमाडौं महानगरभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत ५३ हजार विद्यार्थी लाभान्वित हुने महानगरले जनाएको छ। नगरप्रमुख शाहले महानगरको पहिलो प्राथमिकता विद्यार्थी भएको बताए।

'विद्यार्थीमा गर्ने लगानीले मात्र उनीहरूलाई आफ्नो विद्यालय, समाज र देशप्रति गौरव गर्नसक्ने आधार तयार हुन्छ भन्ने कुरामा हामी स्पष्ट छौँ, यस अभियानमा सबैको अपनत्व र सहभागिता आवश्यक छ', नगरप्रमुख शाहले भने।

# एनआरएनए मलेसियाका उपाध्यक्ष चौधरीद्वारा दुर्लभ रोगबाट पीडित व्यक्तिलाई आर्थिक सहयोग

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, ८ असोज

मलेसिया क्वालालम्पुरमा व्यवसाय गर्दै आएका गैरआवासीय नेपाली संघ(एनआरएनए) मलेसियाका उपाध्यक्ष अनिल चौधरीले गम्भीर रोगबाट पीडित एक नेपाली युवकलाई आर्थिक सहयोग गरेका छन्।

हेमोफ्यागोसाइटिक लिम्फो-हिस्टियोसाइटोसिस रोगबाट पीडित १६ वर्षीय रुपन्देही



तिलोत्तमा-७ निवासी शुभम उपाध्याय ज्ञवालीलाई उक्त सहयोग गरेका हुन्। उनी हाल भारतको राजीव गान्धी क्यान्सर इन्स्टिच्युट एण्ड रिसर्च सेन्टरमा उपचाररत छन्।

शुभमका बुबा रूपराज उपाध्यायको अल्पआयुमा निधन भइसकेकाले आमाको भरमा रहेका उनीहरूको परिवार आर्थिक रूपमा निकै कमजोर अवस्थामा छ। आमा विष्णु उपाध्यायले नेपालमै उपचारका क्रममा सम्पूर्ण सम्पत्ति सकिएपछि अहिले भारतमा उपचार खर्च जुटाउन असमर्थ भएको बताइन्। शुभमको उपचारका लागि शल्यक्रिया, औषधि र अस्पताल बसाइँ लगायतमा झण्डै २५ लाख भारतीय रुपैयाँ (करिब ४० लाख नेपाली रुपैयाँ) लाग्ने अनुमान गरिएको चिकित्सकहरूले बताएका छन्।

यस्तो कठिन अवस्थामा चौधरीले आर्थिक सहयोग गर्दै शुभमको उपचारमा हातेमालो गर्न सबैलाई अपिल गरेका छन्। उनले शुभचिन्तक, दाजुभाइ तथा मनकारी व्यक्तिहरूलाई सकेसम्म सहयोग गर्न आग्रह गरेका छन्। उनको उपचारमा सहयोग गर्न चाहने महानुभावहरुले विष्णु उपाध्याय ज्ञवालीको एनएमबी बैंकको खाता नम्बर ०४२००२८८५८५०००१२ मा सहयोग गर्न सकिने जनाइएको छ।

# राजस्व बढाउन अनुगमन



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ८ असोज

जिल्लास्तरीय अनुगमन समितिले पाणिनि गाउँपालिकामा राजस्व संकलनका लागि विभिन्न योजना तथा खोला-खोल्सीको ढुंगागिट्टी-बालुवामा हुने टेन्डर प्रक्रियामा सक्रियता बढाएको छ।

समितिले अनुगमनलाई कडाइ गरेपछि विगतमा हुने चोरी निकासी नियन्त्रणमा आएको स्थानीय नागरिकले बताएका छन्।

हाल अर्घाखाँचीका तीन नगरपालिका र तीन गाउँपालिकामा योजनाको टेन्डर प्रक्रिया अघि बढाउँदा अनिवार्य रूपमा जिल्लास्तरीय समितिले अनुगमन गर्ने कानुनी प्रावधान रहेको पाणिनि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवर्ण खनालले जानकारी दिए।

हालै सौर्य, वागी र दुर्गा खोलामा जम्मा भएको ढुंगागिट्टी-बालुवा तथा विकास निर्माणका अन्य योजनाको गुणस्तर जाँच गर्न समितिले फिल्ड अनुगमन गरेको हो।

अनुगमन टोलीमा जिल्ला समन्वय प्रमुख जीवनारायण कोईराला, गाउँपालिका अध्यक्ष टेकराज न्यौपाने, उपाध्यक्ष नर्मदा गौतम, प्रमुख प्रशासकीय अधिकृत खनाल, डिएसपी दिवस बहादुर जिसी, पत्रकार महासंघ अध्यक्ष गणेश खनाललगायत सुरक्षा निकायका प्रतिनिधि र सञ्चारकर्मी सहभागी थिए।

अनुगमनपछि निर्माण व्यवसायी र उपभोक्ता समितिहरू पनि सचेत बन्दै गएको स्थानीय प्रमोद गौतमले बताए।


**ललितपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पुल्चोक, ललितपुर**
**बागमती प्रदेश, नेपाल**

**लेखापरीक्षणका लागि आशयपत्र पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०६/०९ गते**

यस ललितपुर महानगरपालिकाका क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक, गुठी तथा संस्थागत विद्यालयहरुको आ.व. २०८१/८२ सम्मको अन्तिम लेखापरीक्षणका लागि योग्यता पुगेका लेखापरीक्षकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तपशिल बमोजिमका कागजातहरु सहित स्वयम् उपस्थित भई ललितपुर महानगरपालिकाको आन्तरिक लेखापरीक्षण ईकाइ वा वित्तीय व्यवस्थापन महाशाखामा निवेदन पेश गर्नु हुन साथै कम्पनीद्वारा सञ्चालित संस्थागत विद्यालयहरुले सोही मितिभित्र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित लेखापरीक्षण फर्म र कम्पनीको नाम सिफारीस गरी पठाउनु हुन अनुरोध छ। तोकिएको मिति भित्र सिफारीस भई नआएमा ललितपुर महानगरपालिका कार्यालयले नै लेखापरीक्षक नियुक्ति गरी पठाउने व्यहोरा समेत जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

१. आ.व. २०८१/८२ सम्मको लेखापरीक्षण प्रमाणपत्र नविकरण गरेको इजाजत पत्रको प्रतिलिपि।
२. आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
३. नेपाल चार्टड एकाउन्टेण्ट संस्थाका लेखापरीक्षण प्रमाणपत्र नविकरण गरेका प्रमाणपत्रहरु।
४. सामुदायिक विद्यालय तथा गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको हकमा लेखापरीक्षण गर्न इच्छुक लेखापरीक्षकहरु स्वयम् लेखापरीक्षण गर्ने आशयको निवेदन पेश गर्नु पर्नेछ।
५. संस्थागत विद्यालयको हकमा संस्थागत विद्यालयले नियमानुसार कम्तिमा तीन जना लेखापरीक्षकहरुको सिफारिस साथ पेश गर्नु पर्नेछ।



**लुम्बिनी प्रदेश सरकार**
**वन तथा वातावरण मंत्रालय**
**वन निर्देशनालय**
**डिभिजन वन कार्यालय, रुकुम (पुर्वि भाग)**
**रुकुमकोट**

**बोलपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०६/०९ गते)**

यस कार्यालयको आ.व. ०८२/०८३ बजेट उपशीर्षक नं ३२९०१०१२ बाट सिस्ने गाँउपालीका वडा नं. ५ रुकुमकोटमा सिस्ने सव डिभिजन वन कार्यालयको भवन निर्माण कार्य e– bidding प्रक्रियाबाट गराउनु पर्ने भएकोले ईच्छुक निर्माण व्यवसायी, फर्म वा कम्पनीहरूबाट प्रचलित कानुनको अधीनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ। बोलपत्र सम्बन्धि विस्तृत सूचना यस कार्यालयको सुचनापाटी तथा वेवसाइट https://dforukumeast.lumbini.gov.np/ मा राखिएको छ। थप जानकारीका लागि www.bolpatra.gov.np वा यस कार्यालयको फोन नं. ०८८-४१३११५ मा सम्पर्क गर्न सकिने छ।

**निर्माण कार्यको विवरण**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | रकम रु. (भ्याट र कन्टेन्जेसी समेत) | धरौटी रकम रु | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | DFO-RE/Works/ NCB/082-083/1 | सिस्ने सव डिभिजन वन कार्यालयको कार्यालय भवन निर्माण कार्य | ७४,९९,९६७७४ | २,००,०००।०० | ३,०००।०० |

**(डिभिजनल वन अधिकृत)**

# नेप्सेका कर्मचारी आन्दोलित

## अध्यक्ष र सिइओ बिचौलिया भएको आरोप

**तारा पौडेल/मध्यान्ह**
काठमाडौं, ८ असोज

नेपाल स्टक एक्सचेन्ज (नेप्से)का कर्मचारीहरूले आन्दोलनको सुरुवात गरेका छन् । नेप्सेका अध्यक्ष हेमन्त बस्याल र प्रमुख कार्यकारी अधिकृत (सिइओ) चुडामणि चापागाईंले राजीनामा दिनुपर्ने माग गर्दै उनीहरूले आन्दोलन गरेका हुन् । अध्यक्ष र सिइओले बिचौलियाका एजेन्डाअनुसार काम गरेको आरोप आन्दोलनमा उत्रिएका कर्मचारीहरूले लगाएका छन् ।

नेप्सेमा क्रियाशील रहेको कर्मचारी संगठनले नेप्सेको सुधारभन्दा पनि अध्यक्ष र सिइओले बिचौलियालाई लाभ हुने काम गरेको भन्दै बुधबारदेखि आन्दोलन सुरु गरेका हुन् । नेप्से कर्मचारी संघका अध्यक्ष नवराज थापाले अध्यक्ष र सिइओले बिचौलियाको अनुचित दबाब, प्रभाव र निर्देशनमा काम गर्दै आएको प्रेस विज्ञप्तिमा उल्लेख गरेका छन् ।




मंगलबार आन्दोलित कर्मचारीहरूले अध्यक्ष र सिइओलाई कार्यकक्षमा नै बन्धक बनाउने प्रयास गरेका थिए । बुधबार भने हातमा कालोपट्टि बाँधेर विरोध गर्दै काम गरे । मंगलबार अध्यक्ष र सिइओसँग छलफल पनि गरेका थिए । तर सो छलफलमा सहमति हुन सकेन । जसपश्चात् आन्दोलनकारीले अध्यक्ष र सिइओको राजीनामा माग गर्न सुरु गरेका हुन् ।

अध्यक्ष बस्यालले भने कर्मचारीले आफूहरूलाई लगाएको आरोपजस्तो लेनदेनको विवाद नरहेको बताएका छन् । 'कर्मचारीको बोनस विवादलाई लिएर विषयान्तर गर्न खोज्दै हुनुहुन्छ, म नितान्त नेप्सेको हितका लागि आएको हुँ, मेरो कुनै स्वार्थ पनि छैन,' उनले भने ।

तर कर्मचारी संगठनले भने अध्यक्ष र प्रमुख कार्यकारीको राजीनामा नआएसम्म आन्दोलनलाई निरन्तरता दिनेगरी चरणबद्ध आन्दोलनका कार्यक्रमको घोषणा गरेका छन् । केपी शर्मा ओलीको सरकारले बस्याललाई गत भदौ २० गते अध्यक्षमा नियुक्त गरेको थियो भने सिइओलाई पनि सोही सरकारले नै नियुक्त गरेको हो ।

कर्मचारी संगठनका अध्यक्ष नवराज थापाले राजनीतिक दलको कार्यकर्ता, राजनीतिक प्रभाव र भागबन्डाका आधारमा नेप्सेको सञ्चालक समितिको अध्यक्ष र सिइओमा नियुक्त गरेको भन्दै अध्यक्ष बस्यालको कन्सल्टेन्सी र नेप्सेबीच पुरानो भुक्तानीसम्बन्धी विवाद रहेकै अवस्थामा उनी नेप्सेको अध्यक्षमा नियुक्त हुनु स्वार्थ बाझिने विषय रहेको बताएका छन् ।

# तातोपानी–कोदारी नाकाबाट सामान आयात सुरु



**सिन्धुपाल्चोक/मस–** पहिरोका कारण एक महिनाअघिदेखि अवरुद्ध तातोपानी-कोदारी राजमार्ग खुलेको छ । राजमार्ग खुलेसँगै चीनसँगको प्रमुख व्यापारिक ढोका तातोपानी नाका सोमबारदेखि सामान बोकेका कन्टेनर नेपाल भित्रिन थालेका छन् ।

कोदारी सडकखण्डको भोटेकोशी गाउँपालिका-२ इकोसहितको चार ठाउँको पहिरो पन्छाएपछि सडक सञ्चालनमा आएको हो । अरनिको राजमार्गको भोटेकोशी गाउँपालिका क्षेत्रका विभिन्न स्थानमा झन्डै ५ सय मिटर सडक भासिएको थियो । इकोमा २ सय ५० मिटर, डाक्लाङमा १ सय १० मिटर, पान्थलीमा १ सय मिटर, लार्चेमा २५ मिटर र घट्टेखोलामा १० मिटर सडक भासिएको थियो । महिना दिनभन्दा बढीदेखि रोकिएका केही कन्टेनर मंगलबार बेलुकीसम्म भित्रिएको तातोपानी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्रप्रसाद चुडालले जानकारी दिए ।

# चीन जोड्ने सडक सञ्जाल सुधार गर्न सहयोगको अपिल

**काठमाडौं/मस–** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री कुलमान घिसिङ र नेपालका लागि चीनका राजदूत चेन सोङबीच बुधबार शिष्टाचार भेटवार्ता भएको छ ।

सिंहदरबारस्थित भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा भएको भेटमा नवनियुक्त मन्त्री घिसिङलाई चिनियाँ राजदूत सोङले बधाई दिनुका साथै सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए । भेटमा नेपाल-चीनबीचको सडक तथा विद्युत् प्रसारण लाइन कनेक्टिभिटी, चिनियाँ निर्माण व्यवसायीबाट ठेक्का लिएका सडक तथा



विद्युत् आयोजनाको निर्माण प्रगति, ऊर्जा क्षेत्रमा सहकार्य, चिनियाँ सहायतामा सञ्चालित आयोजनाहरूको कार्यान्वयन अवस्था, चिनियाँ लगानीलगायतका विषयमा छलफल भएको थियो ।


भेटमा मन्त्री घिसिङले नेपाल र चीनलाई सडक सञ्चालबाट जोड्ने काठमाडौं-कोदारी (अरनिको) र स्याप्रुबेंसी-रसुवागढी सडक महत्वपूर्ण र संवेदनशील रहेको तर पहिरो र कमजोर भौगोलिक अवस्थितका कारण जोखिमयुक्त रहेकाले चिनियाँ प्रविधि प्रयोग गरी सडक मर्मत गरी स्थायी रूपमा सञ्चालनका लागि आवश्यक सहयोग गरिदिन आग्रह गरेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ ।

यसैगरी, काठमाडौं उपत्यका चक्रपथ विस्तारअन्तर्गत चिनियाँ अनुदानमा निर्माण हुने कलंकी-वसुन्धरा खण्डको काम तत्काल सुरु गर्न, अरुण नदी कोरिडोरमा धेरै जलविद्युत् आयोजना निर्माणाधीन रहेको र नेपालको विद्युत् बजारलाई थप प्रतिस्पर्धी बनाउन किमाथांकाबाट अर्को अन्तरदेशीय प्रसारण लाइन निर्माण अगाडि बढाउन उनले आग्रह गरे । मन्त्री घिसिङले चिनियाँ कम्पनीले ठेक्का लिएका कमला-कञ्चनपुर आयोजनाको निर्माण सन्तोषजनक नरहेको जानकारी गराउँदै नारायणघाट-बुटवल तथा मुग्लिन-पोखरा सडक विस्तारको कामलाई गति दिन आवश्यक सहयोग र सहजीकरणका लागि पहल गरिदिन आग्रह गरेका थिए ।

# वार्षिकोत्सवका अवसरमा प्राइमद्वारा रक्तदान





**काठमाडौं/मस–** प्राइम कमर्सियल बैंक लिमिटेडले आफ्नो १८औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । बैंकले केन्द्रीय कार्यालय कमलपोखरीसहित देशभरका सात कार्यालयमा रक्तदान कार्यक्रम सम्पन्न गरेको हो । रक्तदान कार्यक्रममा बैकका कर्मचारीसहित अन्य ४ सय ६३ जनाले रक्तदान गरेका थिए । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत सञ्जीव मानन्धरले सबै रक्तदाता तथा सहयोगीलाई धन्यवाद दिएका थिए । उनले मानव जीवन रक्षाका लागि अत्यावश्यक रगत संकलन गर्ने कार्यक्रम आयोजना गर्न पाउँदा खुसी लागेको बताए ।













प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**